सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सत्यवती गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३, संख्याः २, मितिः २०७६/०५/१२

## भाग - २

सत्यवती गाउँपालिका

गुल्मी,

५ नं. प्रदेश, नेपाल

**शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६**

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# सत्यवती गाउँपालिका

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६

गाउँ कार्यपालिकाद्वारा स्वीकृत मितिः २०७६/०५/१२

सत्यवती गाउँपालिका
गुल्मी,
५ नं. प्रदेश, नेपाल

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६

...वती गाउँपालिका
कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्तावनाः** सत्यवती गाउँपालिका भित्रका विद्यालयहरुमा शिक्षाको गुणस्तर सुधार गर्न, शिक्षक विद्यार्थी र तहको अनुपात मिलाउन सत्यवती गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा ३७ र दफा ४९ (क) बमोजिम गरी शिक्षकको दरबन्दी मिलान, व्यवस्थापन र आन्तरिक काज सरुवा गर्नको लागि सत्यवती गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम 'शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६' हुनेछ।

२. यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) 'कार्यपालिका' भन्नाले सत्यवती गाउँ कार्यपालिका सम्झनु पर्छ।

ख) 'गाउँपालिका' भन्नाले सत्यवती गाउँपालिका सम्झनुपर्छ।

ग) 'शिक्षा समिति' भन्नाले सत्यवती गाउँ कार्यपालिकाको शिक्षा समिति भन्ने सम्झनुपर्छ।

घ) 'दरबन्दी' भन्नाले नेपाल सरकार/ प्रदेश सरकार वा सत्यवती गाउँपालिकाद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी र अस्थायी कोटा सम्झनु पर्छ।

ङ) 'सामुदायिक विद्यालय' भन्नाले सत्यवती गाउँपालिका भित्रका नेपाल सरकारद्वारा अनुदान प्राप्त विद्यालय सम्झनु पर्छ।

च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

### परिच्छेद २
### शिक्षक दरबन्दी मिलान र काज सरुवा

४. **दरबन्दी मिलानका आधारहरुः** (१) यस कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिले ३ दिनभित्र गाउँपालिका क्षेत्रभित्र दरबन्दी मिलान सरुवाका लागि १५ दिने म्याद सहितको सूचना प्रकाशित गरिनेछ।

(२) शैक्षिक शत्र २०७५ को अन्त्यमा उक्त विद्यालयमा कार्यरत दरबन्दीमा रहेका शिक्षकको संख्यालाई आधार मानिनेछ।

परिषद् अध्यक्ष

(३) दरबन्दीमा रहेका शिक्षक संख्या र विद्यालयमा सञ्चालित तह/ कक्षाको अनुपात निकालेर कक्षा ५ सम्म सञ्चालित आधारभूत विद्यालयमध्ये दरबन्दीको हिसाबले सबैभन्दा सबल विद्यालयहरुमध्ये १० विद्यालयबाट १/१ वटा दरबन्दी कट्टा गरी १० जना शिक्षकको दरबन्दी मिलान गरिनेछ।

(४) यसरी दरबन्दी मिलान गर्दा दरबन्दीको संख्या न्यून भई निजी स्रोतबाट शिक्षक राख्नु परेकाले अधिक आर्थिक भार बहन गर्नुपर्ने विद्यालयहरु लाभान्वित हुने गरी मिलान गरिनेछ।

(५) कुनै विद्यालयको हकमा भौगोलिक विकटता हेरेर विशेष निर्णय गर्न सकिनेछ।

(६) दरबन्दी मिलान गर्दा उपदफा (३) का आधारमा दरबन्दी कट्टी हुने र थप हुने विद्यालयहरु यकीन गरी दरबन्दी कट्टा गरिने विद्यालयका सम्पुर्ण शिक्षकलाई दरबन्दी थप गरिने विद्यालय अनिवार्य रुपले रोज्नको विद्यालयका सम्पुर्ण शिक्षकहरुले अनुसूचि १ बमोजिमको फाराम भरी अनिवार्य रुपले पेश गर्नुपर्नेछ।

(७) कुनै शिक्षकले फारम भरी पेश नगरेकै कारणले निजलाई दरबन्दी मिलानका क्रममा उपयुक्त स्थानमा सरुवा गर्न वाधा पर्ने छैन।

(८) दरबन्दी कट्टी हुने विद्यालयका शिक्षकलाई दरबन्दी थप हुने विद्यालयमा दरबन्दी मिलान सरुवा गर्दा निजले रोजेको विद्यालयको प्राथमिकता, सेवावधि, नागरिकतामा उल्लेख भएको ठेगानालाई आधार मानी शिक्षक दरबन्दी मिलान सरुवा गरिनेछ।

(९) उपदफा (३) बमोजिम शिक्षक दरबन्दी मिलान गर्दा कक्षा १ देखि ५ सम्म सञ्चालित आधारभूत विद्यालयमा महिला शिक्षकको संख्या शुन्य रहने स्थिति पर्न आएमा महिला शिक्षकको सरुवा नगरी पुरुष शिक्षकमध्येबाट सरुवा गरिने छ।

(१०) दरबन्दी मिलान सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक र शिक्षक सबैको कर्तव्य हुनेछ।

**५. सरुवा सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिले ३ दिनभित्र गाउँपालिका क्षेत्रभित्र आन्तरिक काज सरुवाका लागि १५ दिने म्याद सहितको सूचना प्रकाशित गरिनेछ ।

(२) दरबन्दीका शिक्षकको मात्र सरुवा हुन सक्नेछ।

(३) सरुवाका लागि यस गाउँपालिकाभित्र सरुवा हुन चाहने शिक्षकले अनुसूचि-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(४) सरुवाका लागि प्राप्त निवेदनउपर छानवीन गर्दा विद्यालयको शैक्षिक गुणस्तरमा नकारात्मक असर नपर्ने अवस्था भएमा मात्र सरुवा गरिनेछ।

(५) काज सरुवाका लागि हाल कार्यरत विद्यालय र सरुवा भई जाने विद्यालय दुबैको वि.व्य.स.को स्वीकृति आवश्यक हुनेछ।

(५) सरुवाका लागि निवेदकले इच्छ्याएको विद्यालयमा जाँदा निजलाई घरपायक हुने अवस्था, शारिरिक अवस्था, विद्यालयको शैक्षिक गुणस्तरमा सकारात्मक प्रभाव पर्ने संभावना आदिलाई आधार मानिनेछ।

(६) यदि कुनै शिक्षकले मादक पदार्थको सेवन गरी विद्यालयमा आउने, नैतिक आचरण तथा अनुशासनको पालना नगर्ने गरेमा निजलाई उक्त विद्यालयमा राख्दा विद्यालयको शैक्षिक गुणस्तरमा असर पर्ने देखिएमा निजलाई सोझै अन्य उपयुक्त विद्यालयमा सरुवा गर्न सकिनेछ।

## परिच्छेद-३:

## अन्य व्यवस्था

३.१. **संक्रमणकालीन व्यवस्थाः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरु गाउँ कार्यपालिकाको निर्णयबाट कार्यान्वयन गर्न सकिनेछ।

३.२ **संशोधन सम्बन्धी व्यवस्थाः** आवश्यकता अनुसार गाउँ कार्यपालिकाले यस कार्यविधि वा कुनै दफा वा उपदफाको संशोधन वा खारेजी वा दफा, उपदफा थप गर्न सक्नेछ।

अनुसूचि-१

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

**शिक्षक दरबन्दी मिलानका लागि दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सत्यवती गाउँपालिका।

यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति ............. को सूचना अनुसार यस गाउँपालिका भित्रका विद्यालयहरुमा दरबन्दी मिलान कार्य हुँदा मैले दरबन्दी मिलानमा तपशील विद्यालयमा दरबन्दी मिलान पदस्थापना हुन/ जान इच्छुक भएकाले यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपशील**

| प्राथमिकताका आधारमा दरबन्दी मिलान हुन/जान चाहेको विद्यालय | | |
|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

(नोटः हाल कार्यरत विद्यालयलाई समेत छनौट गर्न सकिनेछ।)

**मेरो वैयक्तिक विवरण**

नामः

स्थायी ठेगाना (नागरिकता अनुसार):

स्थायी ठेगाना (महिलाको हकमा विवाह पश्चात कायम भएको स्थायी ठेगानाः

अस्थायी ठेगानाः

सिटरोल नं. (संकेत नं.):

पारिश्वर ठकाल
अध्यक्ष

तह/श्रेणीः

सुरु नियुक्ति मितिः हालको पदमा नियुक्ति मितिः

हालको पदमा नियुक्त भएको अवधि (वर्ष, महिना र दिन):

हाल कार्यरत विद्यालयमा पदस्थापना/ सरुवा भएको मितिः

हाल कार्यरत विद्यालयमा सेवा गरेको अवधि (वर्ष, महिना र दिन):

..............................

निवेदकको दस्तखत

मितिः..............................

अनुसूचि-२

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**शिक्षक काज सरुवाका लागि दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सत्यवती गाउँपालिका।

यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति ...................... को सूचना अनुसार यस गाउँपालिका भित्रका विद्यालयहरुमा आन्तरिक काज सरुवा गर्ने सन्दर्भमा तपशील बमोजिमको कारणले गर्दा मैले अध्यापन गर्दै आएको .................................. विद्यालयबाट ......................................... विद्यालयमा काज सरुवा गरी पाऊँ भनी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

<u>तपशील</u>

| क.सं. | काज सरुवा हुनुपर्ने कारणहरु |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

**मेरो वैयक्तिक विवरण**

नामः

स्थायी ठेगाना (नागरिकता अनुसार):

स्थायी ठेगाना (महिलाको हकमा विवाह पश्चात कायम भएको स्थायी ठेगानाः

अस्थायी ठेगानाः

सिटरोल नं. (संकेत नं.):

पारिश्वर हकाल
अध्यक्ष

तह/श्रेणी:

सुरु नियुक्ति मितिः

हालको पदमा नियुक्ति मितिः

हालको पदमा नियुक्त भएको अवधि (वर्ष, महिना र दिन):

हाल कार्यरत विद्यालयमा पदस्थापना/ सरुवा भएको मितिः

हाल कार्यरत विद्यालयमा सेवा गरेको अवधि (वर्ष, महिना र दिन):

.............................

निवेदकको दस्तखत

मितिः.............................

परिश्वर [illegible]
अध्यक्ष